सडक बालबालिकाको लागि संचालित सम्पर्क गृह (Drop-In-Center)

# कार्यसञ्चालन पुस्तिका

२०७२

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरवार, काठमाण्डौं

# विषयसूची

**सडक बालबालिकाको लागि संचालित सम्पर्क गृह कार्य सञ्चालन सहयोगी पुस्तिका २०७२**


| *क.सं.* | *विवरण* | *पेज नं.* |
|---|---|---|
| १. | परिचय | ३ |
| २. | सम्पर्क गृहको संरचना | ४ |
| ३. | सम्पर्क गृहका सेवा सुविधा तथा क्रियाकलापहरु | ६ |
| ४. | सञ्जाल र समन्वय | ११ |
| ५. | कार्यपद्धति | १२ |
| ६. | बालबालिकाको स्थानान्तरण/सिफारिस/प्रेषण | १३ |
| ७. | अभिलेखिकरण/दस्तावेजीकरण | १४ |
| | *अनुसुचीहरु* | |
| १ | खानाको तालिकाको नमुना | १५ |
| २ | बालबालिकाको दैनिक रेकर्ड | १५ |
| **३** | घटना व्यवस्थापन बैठकहरु | १६ |
| ४ | परिवारसँगको सम्झौता पत्रको नमूना | १६ |
| ५ | घटना अध्ययन ढाँचा | १७ |
| ६ | व्यक्तिगत छलफलको फाराम | १८ |
| ७ | कार्ययोजनाको फाराम | १९ |
| ८ | प्रारम्भिक सुचना संकलन फाराम | २० |
| ९ | सामाजिकीकरण केन्द्रमा स्थानान्तरण गर्ने फाराम | २१ |

## सडक बालबालिकाको लागि संचालित सम्पर्क गृह (Drop-In-Center)

## १. परिचय

नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मिति २०७२/५/३१ मा स्वीकृत गरी जारी भएको सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ अनुरुप सडक बालबालिकाको लागि संचालित सम्पर्क गृह (Drop-In-Center) को कार्यसञ्चालनका लागि स्पष्ट गर्न आवश्यक मापदण्डहरु समेत समेटी यो कार्यसञ्चालन पुस्तिका तयार भएको छ । यो मार्गदर्शनको एक अभिन्न अंगका रुपमा रहनेछ र यसको पालना गर्नु सडकबालबालिकाको निम्ति क्रियाशिल सबै संघसंस्था निकायको दायित्व हुनेछ ।

### १. पृष्ठभूमि

बालबालिकालाई सडकबाट जुनसुकै समयमा उद्धार गरी तत्काल आवासिय सेवा प्रदान गर्नका लागि सम्पर्क गृहहरु २४ सैं घण्टा खुला रहनेछन् । यो एक अल्पकालिन आवसिय गृहका रुपमा रहनेछ । सडकबाट उद्धार गरी ल्याइएका वा अन्य माध्यमबाट सम्पर्कमा आएका सडक बालबालिकाको लागि पहिलो सुरक्षित बासस्थानका रुपमा सम्पर्क गृहहरु हुनेछन् । यस्तो गृह बालबालिकाको पहिलो खुड्कीलो भएकोले यसलाई बालमैत्री र सुरक्षित बनाउनु पर्दछ । सडकबाट आफैं आएका, साथीसँग आएका, प्रहरी र सामाजिक कार्यकर्ता मार्फत सडकबाट उद्धार गरीएका, कुनै सरकारी तथा गैरसरकारी संघसंस्थाबाट प्रेषण गरिएका १८ बर्षमुनिका बालबालिकाको निमित्त छोटो अवधिको लागि बालबालिकालाई सम्पर्क गृहमा राखिनेछ । यहाँ आवश्यकतानुसार आपतकालिन सेवा, मनोसामाजिक परामर्श, चेतनामुलक र श्रृजनात्मक क्रियाकलापहरु, पारिवारीक सूचना तथा सम्पर्क लगायतका सेवाहरु प्रदान गर्नुपर्दछ । यस्ता सम्पर्क गृहहरुमा बालबालिका अधिकतम तीन महिनासम्म बस्नेछन् । सडक बालबालिकाको निम्ति पहिलो चरणको आवासिय गृहको रुपमा रहेका यस्ता गृहहरुको प्रमुख दायित्व उनीहरुलाई सुरक्षित वातावरणमा राखी उनीहरुको मनोसामाजिक अवस्था, सडक जीवनमा अपनाएको व्यवहार विशेष गरी धुम्रपान तथा मध्यपान (चुरोट, बींडी, सुर्ती, रक्सी), लागूऔषध तथा अन्य कुनै हानिकारक व्यवहार, ओसारपसार आदि तथा त्यस्ता पदार्थको लत छुटाईने कार्य गरिनेछ । विशेष गरी यस्ता खालका बालबालिका समुहमा बस्ने र समूहको नेतृत्व गर्ने व्यक्तिले जे भन्यो त्यहि गर्ने, आफु त्यस्ता पदार्थ प्रयोग गर्नबाट छुटकारा पाउन प्रयास गरेतापनि आफ्नो अभिन्न मित्रबाट आएको प्रस्तावलाई अस्विकार गर्न पनि असमर्थ रहने अवस्था रहेको हुन्छ । यसरी आफू सुध्रिनका लागि तयार भएका बालबालिकालाई उपयुक्त वातावरण यस प्रकारका गृहहरुमा प्रदान गनुपर्दछ ।

सम्पर्क गृहमा प्रत्येक बालबालिकाको पूर्ण विवरण तथा फोटो सहितको घटना अध्ययन टिपोट तयार गर्नुपर्दछ र अवस्था अनुसार आवश्यक प्रक्रिया पुरा गरी सकेसम्म चाँडो सामाजिकीकरण केन्द्रमा स्थानान्तरण गर्नुपर्दछ । आवश्यकतानुसार लागूऔषधको कडा लत बसेका बालबालिकालाई लागूऔषध सुधार गृहमा स्थानान्तरण गर्नुपर्दछ । सकेसम्म साना उमेरका र नयाँ सडक बालबालिकालाई लामो समयसम्म सडकमा रहेका तथा विभिन्न दुर्व्यसनको लत भएका बालबालिका भन्दा अलग राख्ने व्यवस्था गर्नुपर्दछ । बालबालिकाको दैनिक क्रियाकलापहरुको लेखाजोखा र उनीहरुले गरेको कार्यको प्रशंसा गर्दै छोटो अवधिको लागि कार्ययोजना बनाउन सहयोग गरी बालबालिकाको आत्मविश्वास बढाउदै लैजानु तथा सडक जीवन परित्याग गर्न प्रोत्साहित गर्नु सम्पर्क गृहको प्रमुख कार्य हुन्छ ।

### २. उद्देश्यहरु:

क. सडक बालबालिकालाई बालमैत्री वातावरण प्रदान गरी सडकमा पुनः फर्कनबाट रोक्ने,

ख. बालबालिकालाई सकारात्मक भावना विकास तथा उनीहरुको सर्वाङ्गिण विकासका लागि योजना बनाउन सहयोग गर्ने,

ग. उद्धार गरिएका बालबालिका तथा उनीहरुको परिवारको बारेमा सूचना संकलन गर्ने,

घ. सडक बालबालिकाको शारीरिक, मानसिक तथा शैक्षिक अवस्थाको जानकारी लिई उनीहरुको अवस्थामा सकारात्मक सुधार ल्याउन प्रोत्साहन गर्ने,

ङ. सम्पर्क गृहमा बसेका बालबालिकालाई सामाजिकीकरण केन्द्रमा सिफारिस गर्न तयार पार्ने ।

### ३. लक्षित समूह:

- सडक बालबालिका
- सडकमा बेवारिसे अवस्थामा भेटिएका बालबालिका

# २. सम्पर्क गृहको संरचना

## १. सम्पर्क गृहको भौतिक संरचना

सामान्यतयाः ३० जना बालबालिका एक पटक सम्पर्क गृहमा राख्नका लागि देहाय बमोजिमका भौतिक संरचना हुनुपर्दछ ।

**कोठाहरुको व्यवस्था**

- सुत्ने कोठा - ४ वटा (एउटै भवनमा बालिका पनि राख्नु पर्ने भए छुट्टै फ्ल्याट हुनु पर्दछ)
- सामुहिक कार्य र क्रियाकलापका लागि हल - १ वटा
- बालबालिका पढ्न तथा बिभिन्न क्रियाकलापका लागि कोठा - १ वटा
- कार्यालयको लागि कोठा -१ वटा
- प्राथमिक उपचारका लागि कोठा -१ वटा
- मनोविमर्शका लागि कोठा -१ वटा
- भान्साकोठा -१ वटा
- शौचालय र स्नानकोठा - ३/३ वटा

**जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्था**

- आगलागी निरोधक, भुकम्प झटपट झोला, भान्साका औजारहरु लगायतका सामग्रीको समुचित व्यवस्था
- आन्तरिक सुरक्षाका लागि गेट र सुरक्षा गार्डको परिचालन
- कोठाका चुकुल र विजुलीका तारहरुको उचित व्यवस्था
- इनार भए सो ढाक्ने, छत भए उचित बार लगायतको व्यवस्था

**अन्य सुविधाहरु**

- मौसम अनुसार चिसो तातो पानीको व्यवस्था गर्नुपर्ने,
- मौसम अनुसारका लुगा २ सेट
- विद्युत, टेलिफोन तथा इन्टरनेट, खानेपानीको व्यवस्था भएको हुनुपर्ने,
- पर्खालले घेरिएको घर हुनु पर्ने,
- खेल मैदान ।
- गृहको भवन विपद् प्रतिरोधात्मक हुनुपर्दछ ।

नोटः भौतिक तथा मानविय क्षमताको उपलब्धताको आधारमा सम्पर्क गृहमा आवश्यकता अनुसार बालबालिकाको संख्या थप गर्न पनि सकिनेछ ।

## २. कर्मचारीहरुको संरचना

परियोजना अधिकृत सहित सामाजिक कार्यकर्ताहरुको समूह यस गृहमा रहन्छन् । गृहमा आउने बालबालिकालाई स्वागत् एवम् प्रारम्भीक सम्बन्ध बिस्तार गर्नका लागि उक्त समूहले प्रत्येक समयमा कम्तिमा २ जना सामाजिक कार्यकर्ताको व्यवस्था गर्नुपर्ने हुन्छ ।

सम्पर्क गृहका कर्मचारीहरुमा हुनुपर्ने बिशेष सीप तथा योग्यताहरु

- बालअधिकार र यसको कार्यान्वयन तथा सामाजिक कार्यका लागि प्रतिबद्ध,
- जोखिम अवस्थामा रहेका बिशेष गरी सडक बालबालिकासँग कार्य गर्न ईच्छुक,
- बालअधिकार र संरक्षण सम्बन्धी तालिम प्राप्त,
- आधारभूत मनोसामाजिक परामर्शसम्बन्धी तालिम लिएको,
- बालमैत्री वातावरणको श्रृजना गर्न सक्ने,
- विगतमा बाल दुर्व्यवहारसम्बन्धी घटनामा दोषी प्रमाणित नभएको,

## सम्पर्क गृहका कर्मचारी र उनीहरुको मुख्य जिम्मेवारीहरु

| पद र संख्या | मुख्य जिम्मेवारी |
|---|---|
| परियोजना अधिकृत -१ | - सम्पर्क गृहको व्यवस्थापन तथा संचालनका लागि प्रमुखका रुपमा सम्पूर्ण जिम्मेवारी लिने,<br>- सम्पर्क गृहको लागि योजना कार्यक्रम तथा बजेट बनाउने र कार्यान्वयन गर्ने,<br>- कर्मचारीहरुको व्यवस्थापन गर्ने, कार्यतालिका बनाउन सहयोग गर्ने, अनुगमन गर्ने, मुल्यांकन गर्ने, संस्थाको बालसंरक्षण नीति अनुरुप कार्य गर्ने,<br>- सम्पर्क गृहमा बालबालिका सुरक्षित वा संरक्षित भएको सुनिश्चितता गर्ने,<br>- सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने,<br>- सम्पर्क गृहको दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक लगायतका प्रतिवेदन तयार पार्ने |
| सामाजिक कार्यकर्ता -६<br>(एक वा दुई जना सामाजिक कार्यकर्ता सिएमए वा प्राथमिक उपचारको तालिम प्राप्त भएकालाई प्राथमिकता दिने) | - सम्पर्क गृहमा आएका बालबालिकालाई स्वागत गर्ने र उनीहरुको तत्काल आवश्यकता बुझी तत्काल व्यवस्था गर्ने र कुराकानी गर्ने,<br>- बालबालिकाको प्रारम्भिक जानकारी संकलन र अभिलेखिकरण गर्ने,<br>- विरामी बालबालिकाको विशेष स्याहार सुसार गर्ने, औषधी खुवाउने र अस्पताल फलोअपको व्यवस्था गर्ने,<br>- सम्पर्क गृहमा आएका बालबालिकालाई कार्यतालिका अनुसार बिभिन्न क्रियाकलापमा सहभागी गराउने,<br>- बालबालिकाको घटना अध्ययन (Case Study) बनाउने र त्यसलाई अद्यावधिक गर्ने,<br>- बालबालिकाको स्वास्थ्य तथा मनोसामाजिक अवस्था दुरुस्त राख्न उनीहरुलाई सहयोग गर्ने,<br>- बालबालिकासँग सम्पर्क गृहको दैनिक, साप्ताहिक, मासिक क्रियाकलापहरुको प्रतिवेदन बनाउने,<br>- मनोसामाजिक परामर्शका लागि मनोविमर्शकर्ता समक्ष बालबालिकालाई प्रेषण गर्ने |
| मनोविमर्शकर्ता -१<br>(आंशिक समय) | - सामाजिक कार्यकर्ताले प्रेषण गरेका बालबालिकालाई मनोसामाजिक परामर्श प्रदान गर्ने,<br>- बालबालिकालाई समूहमा राखी सामूहिक परामर्श गर्ने,<br>- व्यक्तिगत परामर्शका लागि आएका वा पठाईएका बालबालिकाको प्रतिवेदन बनाउने,<br>- परामर्शपछि बालबालिकालाई गर्नुपर्ने व्यवहार र गर्नुपर्ने विशेष कार्यका लागि सामाजिक कार्यकर्तासँग छलफल गर्ने, |
| खेल प्रशिक्षक - १<br>(आंशिक समय) | - बालबालिकालाई खेलसम्बन्धी बिषयमा जानकारी गराउनका लागि कम्तिमा हप्तामा तीन पटक मार्शल आर्ट (तेक्वान्दो, कराँते, जुडो, उसु, आदि मध्ये एक) सिकाउने,<br>- खेलका माध्यमबाट बालबालिकालाई अनुशासन, नियम, आदि जस्ता नीतिगत कुराहरु सिकाउने, |
| अतिरिक्त क्रियाकलाप प्रशिक्षक - १<br>(आंशिक समय) | - बालबालिकाको चाहना बमोजिम कम्तिमा हप्तामा तीन पटक अतिरिक्त क्रियाकलाप ( नृत्य, संगित, योग आदी) संचालन गरी उनीहरुमा एकाग्रता र सीपको विकास गर्ने,<br>- मनोविमर्शकर्ताको समन्वयमा बालबालिकालाई नृत्य, संगित, नाट्य थेरापी, आदि गराउने, |
| भान्से - १ | - सम्पर्क गृहको खानाको तालिका अनुसार खाजा तथा खाना पकाउने,<br>- बालबालिकालाई मायालु तथा पारिवारिक वातावरणमा सफा तथा ताजा खानेकुरा खुवाउने,<br>- खानेकुराहरु राम्रोसँग केलाई सफा गरेर मात्र पकाउने,<br>- भान्साकोठा तथा सम्पर्क गृहको सम्पुर्ण सरसफाई गर्ने,<br>- बालबालिकालाई खाना बनाउन तथा सरसफाई गर्न प्रोत्साहन गर्ने,<br>- बालबालिकासंग बालमैत्री वातावरणमा कुराकानी गर्ने तथा गृहमा संचालित अन्य क्रियाकलाप तथा छलफलमा आवश्यकतानुसार सहभागी हुने, |
| सुरक्षा गार्ड- २<br>(रात्री र दिवा) | - गृहको सुरक्षागर्ने तथा आउने र जाने सबै व्यक्तिहरुको अनिवार्य चेकजाँच गर्ने,<br>- सडकबाट आउँदा बालबालिकाले ल्याएका सामानहरु सुरक्षितसाथ गृहमा व्यवस्था गरिएको लकरमा राखिदिने र उनीहरुलाई चाहिएको बखतमा फिर्ता गरिदिने,<br>- रजिष्टर बनाई बालबालिकाले ल्याएका र लगेका सामग्रीहरुको हस्ताक्षर सहितको रेकर्ड राख्ने |

**कर्मचारीहरुको व्यवस्थापन**

**दैनिक छलफल तथा ड्युटी हस्तान्तरणः** प्रत्येक दिन विहान र बेलुका सामाजिक कार्यकर्ताको एउटा समूहले अर्को समूहलाई ड्युटी हस्तान्तरण गर्दा कम्तिमा १५ मिनेट छलफल गरी मुख्य मुख्य बिषयमा जानकारी गराउनु पर्दछ । जस्तैः

- ड्युटी अवधिमा भएका क्रियाकलापहरु
- विशेष हेरचाह गर्नुपर्ने बालबालिकाको बारेमा जानकारी,
- गर्नुपर्ने कार्यहरुको योजना,

**कर्मचारी बैठकः** सम्पर्क गृहमा महिनाको कम्तिमा दुईपटक कर्मचारी बैठक आयोजना गर्नुपर्दछ । उक्त बैठकमा कर्मचारीहरुले आफ्ना कुराहरु राख्ने, कार्यक्रमका क्रियाकलापहरु अद्यावधिक गर्ने, आगामी योजना बनााउन सहयोग गर्ने गर्दछन् । मुख्य गरी निम्न बिषयहरुमा बैठक केन्द्रित हुन्छ,

- कार्यक्रममा देखिएका कठिनाईहरु/समस्याहरुको बारेमा छलफल गर्ने,
- गृहमा गर्ने क्रियाकलाप बारे निर्णय गर्ने,
- बालबालिकालाई अन्य स्थानमा प्रेषण गर्नका लागि सिफारिस लिने,

कुनै खास घटना भएको खण्डमा तुरुन्तै कर्मचारी बैठक बसी सो विषयमा निर्णय गर्नुपर्दछ ।

## ३. सम्पर्क गृहका सेवा सुविधा तथा क्रियाकलापहरु

बालबालिका सडकबाट बिभिन्न माध्यमद्वारा जस्तैः आफैं आउने, साथीसँग आउने, प्रहरीद्वारा ल्याईदिने, सामाजिक कार्यकर्ताको सहयोगबाट सम्पर्क गृहमा आउने गर्दछन् । यसरी गृहमा आएका बालबालिकालाई बिभिन्न क्रियाकलापको माध्यमबाट गृहमा बस्नका लागि प्रोत्साहित गर्नुपर्दछ । मुख्यरुपमा सम्पर्क गृहमा देहाय बमोजिमका क्रियाकलापहरु गर्नु पर्नेछ ।

### १. बालबालिकालाई स्वागत गर्ने

सम्पर्क गृहमा आएका बालबालिकालाई सर्वप्रथम औपचारिक रुपमा स्वागत गर्नुपर्दछ । स्वागत गर्ने प्रक्रिया निम्न बमोजिम रहनेछः

- बालमैत्री वातावरणमा अभिवादन गरी गृह भित्र आउनका लागि आमन्त्रण गर्ने;
- सञ्चो विसञ्चो तथा हालखबर सोध्ने;
- सम्पर्कमा आएका तथा ल्याएका बालबालिकामध्ये पहिलेदेखि नै आईरहेको हुन् वा नयाँ हुन् सकेसम्म याद गरी त्यही अनुसार कुराकानी गर्ने;
- नयाँ बालबालिका भएको खण्डमा गृहको बारेका जानकारी गराउने र उपस्थित भएका सामाजिक कार्यकर्ताहरु तथा कर्मचारीहरुसँग परिचय गराउने;
- कपाल र नङ काट्ने व्यवस्था मिलाउने र मुख, हातखुट्टा धुनका लागि स्थान देखाउने (सम्भव भएसम्म नुहाउनका लागि समेत अनुरोध गर्ने);
- बालबालिका बस्ने र आराम गर्ने स्थानमा बस्न लगाई उनीहरुसँग भलाकुसारी गर्ने;
- तत्काल उनीहरुको अवस्थाबारे सामान्य जानकारी लिने;

### २. आपत्कालीन सेवा

सम्पर्क गृहमा आएका बालबालिकाको शारीरिक र मानसिक अवस्था हेरी आवश्यकतानुसार आपतकालीन सेवाहरु उपलब्ध गराउनु पर्नेछ ।

**क. प्राथमिक स्वास्थ्य उपचारः** सडकबाट आएका तथा उद्धार गरी ल्याएका बालबालिका विरामी भएको अवस्था भएमा निम्न बमोजिम गनुपर्नेछ,

- विरामीको अवस्था हेरी प्राथमिक उपचार गर्नुपर्ने,
- गम्भिर अवस्था भएमा अस्पताल लैजानुपर्ने,

**ख. तत्काल उपचारको व्यवस्थाः** विरामी अवस्थामा रहेका बालबालिकालाई उनीहरुको अवस्था हेरी प्राथमिक उपचारले नभएको अवस्थामा तत्काल अस्पताल लैजानु पर्दछ । निम्न अवस्थामा तुरुन्त अस्पताल लगी उपचारको व्यवस्था गर्नुपर्दछ ।

- दुर्घटना पश्चात
- बिषसेवन तथा धेरै लागु पदार्थ सेवन गरेको अवस्थामा
- रक्तश्राव भईरहेको अवस्थामा

नोटः घाऊ चोटपटक भएको खण्डमा टिटानसको सुई लगाउने

ग. **तत्काल खानेकुराको व्यवस्थाः** सडकबाट आउने बालबालिका भोकाएका हुन सक्दछन् त्यस्तो अवस्थामा उनीहरुलाई तत्काले हल्का खानेकुरा (चिया, बिस्कुट वा अन्य तयारी खानेकुरा) को व्यवस्था गनुपर्दछ ।

घ. **आरामको व्यवस्थाः** सडकबाट आएका बालबालिकालाई उनीहरुको आवश्यकता अनुसार आरामको व्यवस्था मिलाउनु पर्दछ ।

ङ. **मनोसामाजिक परामर्शः** सडकबाट तत्काल सम्पर्क गृहमा आएका केही बालबालिकालाई मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुँदा आवश्यकता अनुसार सामाजिक कार्यकर्ताले त्यस्तो आवश्यकता भएका बालबालिका पहिचान गरी परामर्श उपलब्ध गराउनु पर्दछ ।

## ३. आवासको व्यवस्थाः

सडकबाट आएका बालबालिकालाई उचित आवासको व्यवस्था गर्ने काम सम्पर्क गृहको हुनेछ । प्रत्येक बालबालिकालाई छुट्टछुट्टै ओछ्यानको व्यवस्था गरी सुरक्षित प्रकारले गृहमा राख्नु पर्ने हुन्छ । मुख्य गरी आवासका लागि ध्यान दिनुपर्ने र व्यवस्था गर्नुपर्ने कुराहरु निम्न रहेका छनः

- सकेसम्म बालक र बालिकाको लागि छुट्टाछुट्टै घरको व्यवस्था र छुट्टाछुट्टै घरको व्यवस्था नभएको अवस्थामा छुट्टै तला/फ्ल्याटको व्यवस्था;
- समान उमेरका बालक वा बालिकालाई एउटै कोठामा राख्ने व्यवस्था (साना र ठूला बालबालिकालाई सकेसम्म एकै कोठामा नराख्ने); र
- प्रत्येक तला/फ्ल्याटमा शौचालयको व्यवस्था ।

## ४. खानाको व्यवस्थाः

सम्पर्क गृहमा आएका बालबालिकालाई उचित तथा पोषणयुक्त खानाको व्यवस्था गर्नुपर्दछ । एक व्यक्तिलाई चाहिने क्यालोरीको आधारमा खानेकुराको सुची निर्धारण गरिनुपर्दछ । सामाजिक कार्यकर्ता र भान्सेसंग बालबालिकालाई पनि संलग्न गराई बिस्तारै खाना बनाउने कार्यमा जिम्मेवार बनाउन सहयोग गर्नुपर्दछ । भान्साकोठामा खाना तथा खाजा व्यवस्थापनका लागि निम्न कुराहरुको व्यवस्था गरिएको हुनु पर्दछ ।

- बालबालिकाको सहभागितामा खानाको तालिका बनाई देखिने स्थानमा राख्नुपर्ने;
- मौसम अनुसारको तरकारी र फलफूलको व्यवस्था गर्नुपर्ने;
- खाना सफा र स्वस्थकर हुनुपर्ने;
- हप्तामा कम्तिमा दुईपटक मासु, अण्डा, फलफूल, गेडागुडी आदिको व्यवस्था गर्नुपर्ने;
- भान्से तथा सामाजिक कार्यकर्ताले सबै बालबालिकाले खाना तथा खाजा खाए नखाएको हेरविचार गर्नुपर्ने र
- तालिका अनुसारको खाना तथा खाजाको व्यवस्था गर्नुपर्ने ।

खानाको तालिकाको नमुना अनुसुची १ मा राखिएको छ ।

## ५. व्यक्तिगत सरसफाईः

सडकबाट सम्पर्क गृहमा आएका बालबालिकाको सरसफाईको अवस्था कमजोर हुने भएकोलेसरसफाईमा उनीहरुलाई बढी भन्दा बढी सहभागी गराउनु पर्दछ । व्यक्तिगत सरसफाईका लागि नियमितरुपमा गनुपर्ने मुख्य कार्यहरुः

- आवश्यकता हेरी बालबालिकालाई नुहाउनका लागि प्रोत्साहन गर्ने (हप्तामा कम्तिमा २ पटक;
- कपाल काट्ने, नङ काट्ने, हात खुट्टा धुने;
- आफूले प्रयोग गरेको/लगाएको लुगा धुने;
- बालबालिका बस्ने कोठा उनीहरुकै सहभागितामा पालै पालो सफा गर्ने; र
- आफ्नो काम आफै गर्न नसक्ने बालबालिकाको हकमा गृहले आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

तर बालबालिकालाई उनीहरुले नसक्ने वा प्रतिकुल असर पर्ने काम भने लगाउनु हुदैन यसका लागि कार्यरत सामाजिक कार्यकर्ताहरुले ध्यान दिनुपर्दछ ।

## ६. स्वास्थ्य उपचारः

सामान्य घाउ चोटपटक लागेको अवस्था भए प्राथमिक औषधी उपचारको व्यवस्था सम्पर्क गृहमा गर्नुपर्नेछ भने त्यस बाहेकको बिरामी भएको वा औषधी उपचार गर्नुपर्ने अवस्थामा नजिकको अस्पताल, प्राथमिक स्वास्थ्य गृह वा क्लिनिकमा उपचार गर्नुपर्नेछ । बालबालिकाको स्वास्थ्यको लागि निम्न कार्यहरु अनिवार्य गर्नुपर्ने हुन्छ ।

- आवश्यक नियमित खोपहरु लगाएको वा नलगाएको निक्यौंल गर्ने र नलगाएको भए सम्भव भएसम्म लगाउने व्यवस्था मिलाउने जस्तैः टाईफाईड, हेपाटाईटिस आदिको खोप;
- बालबालिकामा पुराना कुनै रोग, स्वास्थ्य समस्या भए नभएको निक्यौंल गर्ने;
- सम्पूर्ण शरीरको स्वास्थ्य परीक्षण (रगत समूह जाँच, एच. आइ. भी., हेपाटाइटिस, यौनजन्य रोगहरु, दिसा पिसाब जाँच, टि. बि. तथा अन्य सरुवा रोग परीक्षण);
- कुनै रोगको लक्षण देखा परेको अवस्थामा तत्काल अस्पताल लैजानै जस्तैः ज्वरो आएमा, मुर्छा परेमा, दुब्लाउदै गएमा, खाना मन नलागेमा, लगातार पेट दुखेमा, श्वासप्रश्वास सम्बन्धी समस्या भएमा, छालासम्बन्धी समस्या भई एलर्जी भएमा, आदि;
- चिकित्सकको सल्लाह बमोजिम औषधी तथा फलोअप नियमित गर्ने; र
- स्वास्थ्य अवस्था र उपचारको विवरणयुक्त फाइल दुरुस्त राख्ने ।

## ७. शिक्षाः

सडकबाट आएका बालबालिकाको शिक्षाको अवस्था कमजोर हुन सक्ने भएकोले उनीहरुको भविष्यको योजनाका लागि सहयोग हुने हिसाबले अनौचारिक शिक्षाको व्यवस्था गर्नुपर्ने हुन्छ । उनीहरुलाई श्रृजनात्मक र चेतनामूलक क्रियाकलाप, खेलकुद आदिका माध्यमबाट शिक्षा प्रदान गर्नु पर्दछ । अनौपचारिक शिक्षाका लागि गर्नुपर्ने मुख्य कार्यहरुः

- प्रत्येक दिन कम्तिमा २ घण्टा अनौपचारिक कक्षाको व्यवस्था गर्नुपर्ने । तर यसरी कक्षाको व्यवस्था गर्दा बिभिन्न अतिरिक्त क्रियाकलाप एवं अभ्यासहरुको विधिबाट गर्नु पर्दछ;
- प्रत्येक दिनको पाठ योजना बनाउनु पर्दछ;
- बालबालिकाको पढाईको क्षमता अनुसारको किताबको व्यवस्था गर्नुपर्दछ, अतः केही सेट कक्षागत किताब एवम् पाठ्यसामग्रीको व्यबस्था गर्नुपर्दछ; र
- प्रत्येक दिन अध्ययन पश्चात निश्चित अभ्यास गर्ने नियमित बानी बसाल्नुपर्दछ ।

## ८. चेतना अभिवृद्धि गर्ने क्रियाकलापहरुः

औपचारिक वा अनौपचारिक माध्यमबाट बालबालिकासँग चेतना जगाउने खालका क्रियाकलापहरुको आयोजना सहभागितात्मक रुपमा गर्नुपर्दछ । चेतना अभिबृद्धि गर्ने खालका क्रियाकलापहरुका बिषयहरुः

- बालअधिकार (बचाऊ, संरक्षण, विकास र सहभागिता)
- बाल दूर्व्यवहार (बाल यौन दूर्व्यवहार र शोषण, शारीरिक दूर्व्यवहार, मानसिक दूर्व्यवहार, आदि)
- सकारात्मक सोचाई र व्यवहार
- व्यक्तिगत सरसफाई
- भविष्यको योजना
- सडक जीवनका खतराहरु
- परिवार र यसको आवश्यकता
- पारिवारिक सम्बन्ध
- लागुपदार्थ (डेण्ड्राईट, गाँजा, चरेस आदि) र यसले पुऱ्याउने हानिका बिषयमा छलफल

नोटः यस्ता क्रियाकलापहरुको छुट्टै कार्ययोजना बनाएर व्यक्तिगत तथा सामुहिक रुपमा पनि गर्न सकिन्छ ।

## ९. श्रृजनात्मक क्रियाकलापहरु

श्रृजनात्मक क्रियाकलापहरुको माध्यमबाट बालबालिकाको भावनात्मक/मानसिक, बौद्धिक क्षमताको विकासमा सुधार ल्याउन सकिने हुन्छ । यस्ता क्रियाकलापहरु निम्न हुनसक्छन्:

**चित्रकलाः** हरेक दिन गृहमा बालबालिकाका लागि सामाजिक कार्यकर्ताहरुले चित्रकला गतिविधि सञ्चालन गर्दछन् । यस्ता क्रियाकलापमा बालबालिकाको राम्रो सहभागिता हुन्छ र उनीहरुले राम्रो चित्र बनाउँछन् । यस्ता गतिविधिबाट सामाजिक कार्यकर्ताले बालबालिकाको विगतको जीवनका केही अर्थपूर्ण तथ्यहरु पत्ता लगाई उनीहरुको भविष्य योजनाका लागि कार्य गर्न सक्छन् ।

**रङ्ग भर्नेः** बालबालिकालाई तयारी चित्रमा रंग भर्ने कार्यमा लगाउन सकिन्छ यसमा उनीहरुलाई मनपर्ने चित्रहरु भयो भने अझ प्रभावकारी हुन्छ । यसप्रकारको क्रियाकलापले उनीहरुलाई एकाग्रता र सक्रिय गराउन सहयोग गर्दछ ।

**नृत्यः** सकभर हरेक दिन वा तालिका अनुसार प्रशिक्षकहरुले बालबालिकालाई नृत्य कक्षा सञ्चालन गराउँनेछन् । नृत्य कक्षामा बालबालिका (जो नियमित छन् र पुनर्स्थापना प्रक्रियामा भाग लिइरहेका छन् ।) को राम्रो सहभागिता हुन्छ । यसले बालबालिकालाई स्थिर र बढी रचनात्मक हुन सहयोग गर्दछ साथै नयाँ बालबालिकालाई पनि घुलमिल हुन सहयोग पुग्दछ ।

**गीत गाउनेः** बालबालिकाको क्षमता र चाहना अनुसार उनीहरुलाई गीत गाउने कार्यमा पनि संलग्न गराउन सकिन्छ किनभने सडकमा बसेका बालबालिका प्रायः गीत गाउन सिपालु हुन्छन् । उनीहरुले गाएको गीतलाई रेकर्ड गरेर अरु साथीहरुको बिचमा सुनाउने कार्य समेत गर्नु पर्दछ ।

**कथा लेख्ने तथा कथा भन्नेः** बालबालिकालाई श्रृजनात्मक बनाउन र वाक्कलामा निपुण गराउनका लागि सहभागितात्मक रुपमा कथा भन्ने तथा लेख्ने क्रियाकलाप पनि गराउन सकिन्छ ।

**विभिन्न मनोरञ्जनात्मक क्रियाकलापः** बालबालिकालाई उनीहरुको क्षमता वृद्धि हुने किसिमका चलचित्र, टि.भी. कार्यक्रम पनि अति आवश्यक हुने र त्यस्ता गतिविधिहरुले उनीहरुलाई मनोरञ्जन पनि दिने हुनाले त्यस्ता गतिविधि दैनिक रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ । तर त्यस्ता गतिविधिमा उनीहरुको ईच्छा अनुसार सहभागी गराउनु पर्दछ र कुनै पनि गतिविधिका लागि जबरजस्ती गर्नु हुदैन, बरु विकल्प दिनु राम्रो हुन्छ । सम्पर्क गृहमा भएका क्रियाकलापहरुको भिडियो बनाई बालबालिकाबीच प्रस्तुत गर्दा उनीहरु प्रोत्साहित हुन्छन् ।

(नोटः यसका साथै बालबालिका र सम्बन्धित सम्पर्क गृहमा कार्यरत सामाजिक कार्यकर्ताहरुको सहभागितामा बिभिन्न क्रियाकलापहरुको आयोजना गर्न सकिन्छ र बालबालिकालाई पट्यार नलाग्ने किसिमले विभिन्न गतिविधिमा सम्लग्न गराई रहनु पर्दछ । )

## १०.मनोसामाजिक परामर्श सेवा

गृहका सामाजिक कार्यकर्ताले बालबालिकालाई विभिन्न विषयमा प्राथमिक मनोसामाजिक परामर्श गर्नुपर्दछ । कार्यरत सम्पूर्ण सामाजिक कार्यकर्ताहरु आधारभूत मनोसामाजिक परामर्शको तालिम दिनुपर्दछ र उनीहरुलाई बालबालिकाको अवस्था बुझी कुराकानी गर्न सक्ने क्षमताको विकास गराउनु पर्दछ । सम्पर्क गृहमा आउने धेरैजसो बालबालिकाको अवस्था जटिल हुन्छ त्यसैले उनीहरुको लागि मनोसामाजिक परामर्श महत्वपूर्ण हुन्छ । सामाजिक कार्यकर्ताले उनीहरुलाई बिशेष अवस्थाको परामर्श महसुस गरेमा मनोवैज्ञानिक परामर्शका लागि मनोबिमर्शकर्ताकोमा सेवाका लागि प्रेषण गर्नुपर्दछ ।

**मनोसामाजिक परामर्श र सेवा अर्न्तगत निम्न कार्यहरु गर्नुपर्छः**

- मनोसामाजिक परामर्शकर्ताले गृहमा हप्ताको दुईपटक बालबालिकालाई सामूहिक परामर्श गर्नु पर्दछ ।
- बालबालिकाको मनोसामाजिक अवस्था पत्ता लगाउन मनोसामाजिक परामर्शकर्ताले विभिन्न शीर्षकहरुमा छलफल तथा क्रियाकलापहरु गर्नुपर्दछ र बालबालिकालाई व्यक्तिगत मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्दछ ।
- बालकको भावना र अनुभुति बुझ्नका लागि अर्को गृहमा प्रेषण गर्नु अघि सबै बालबालिकालाई मनोसामाजिक परामर्शकर्ता कहाँ प्रेषण गर्नुपर्दछ ।
- यससम्बन्धी पूर्ण विवरणहरु भएका फाइल दुरुस्त राख्नुपर्छ ।

## ११.खेलकुद

सडक बालबालिकालाई खेलकुदको माध्यमबाट क्रमिक रुपमा सुधार गर्न मद्दत पुग्ने भएकोले उनीहरुलाई बिभिन्न प्रकारका आन्तरिक र बाह्य खेलकुदमा सहभागी गराउनु पर्दछ ।

**गृहभित्र खेलिने खेलहरुः** गृहमा सडक बालबालिकालाई व्यस्त बनाउन, अनुशासन, नीति नियम सिकाउनका लागि कोठाभित्र खेलिने खेलहरुको व्यवस्था गरिनु पर्दछ । जस्तैः
- शब्दजालहरु (कखगघ, एबिसिडी, जनावरहरु, चराचुरुङ्गीहरु, आदी);
- क्यारमबोर्ड;
- चेस, लुडो, नागपास, उनो(UNO) आदी;
- चलनचल्तीका परम्परागत खेलहरु (रुमाल लुकाई, बाघचाल);

**गृह बाहिर खेलिने खेलहरु**

- फुटबल, भलिवल;
- मार्शल आर्ट (तेक्वान्दो, कराते, जुडो);
- क्रिकेट;
- ब्याडमिन्टन;
- टेबल टेनिस आदी ।

## १२.बाह्य भ्रमण

सडकमा निस्फिक्रि हिँडिरहेका बालबालिकालाई सम्पर्क गृहमा बस्दा पट्यार लाग्दो हुने हुँदा उनीहरुलाई कम्तिमा महिनाको १ पटक बाह्य भ्रमणका लागि लैजाने गर्नुपर्दछ । यसमा ऐतिहासिक र सांस्कृतिक महत्वका ठाउँहरु जस्तैः मन्दिरहरु, गुम्बाहरु, पुराना दरबारहरु, स्मारकहरु, संग्रहालयहरु, चिडियाखाना, वनभोज कार्य आदि हुन सक्दछन् जहाँ उनीहरु एक अर्कासँग अन्तक्रिया गर्न र इच्छा अनुसारको विषयमा सामुहिक छलफल सञ्चालन गर्न सक्दछन् । सम्भव भएसम्म सामाजिक कार्यकर्ताले भ्रमणको उद्देश्यलाई व्यापक बनाउने कोशिस गर्नुपर्छ । यस्ता भ्रमणको समयमा कहिलेकाहिँ ड्राइ पिकनिक र कहिलेकाहिँ रेष्टुरेन्टमा गएर छलफल गर्दै खाना खाने कार्यक्रम पनि पर्दछन् । फरक ठाउँहरुमा भ्रमण गर्ने कोशिस गर्नुपर्दछ । यसलाई बालबालिकासँगको सामूहिक छलफलबाट तय गरिनुपर्दछ । यसरी बालबालिकालाई भ्रमणको व्यवस्था गर्दा नयाँ नयाँ स्थानको छनौट गर्नुपर्दछ ।

## १३. बाल क्लबको बैठकः

सम्पर्क गृहमा बसेका बालबालिकाको सहभागितालाई अर्थपुर्ण बनाउनका लागि बाल क्लबको गठन गर्नुपर्दछ । गृहका सबै क्रियाकलापहरु आयोजना गर्न, नीतिनियम बनाउन, आगामी योजना बनाउने लगायत बिभिन्न क्रियाकलापहरु गर्नका लागि बालबालिकासँग बैठकको आयोजना गनुपर्दछ । यस्ता प्रकारको बैठकमा सम्पर्क गृहमा भएका सबै बालबालिकाको सहभागिता हुनुपर्दछ । बालबालिकासँग बैठक गर्नका लागि मुख्य निम्न कुरामा ध्यान दिनुपर्दछ ।

- सम्पर्क गृहमा बालसहभागिताको सुनिश्चितता गर्ने,
- कम्तिमा साप्ताहिक रुपमा बैठक बस्ने,
- बैठकको माईन्युट गर्ने र उनीहरुले निर्णय गरेका बिषयहरु व्यवहारमा लागु गर्न प्रोत्साहन गर्ने,

## १४. पारिवारिक सम्पर्क तथा भ्रमणको तयारीः

सामान्यतयाः सम्पर्क गृहमा लगातार १ महिना भन्दा बढी बसेका बालबालिकाको बानीव्यहोरामा क्रमिक सुधार, परिवर्तनका लागि तयारी, गृहका क्रियाकलापमा सक्रिय सहभागी, सामाजिकीकरण केन्द्रमा स्थानान्तरण हुन प्रतिबद्ध भएका बालबालिकाको परिवार सम्पर्क एवम् भ्रमणको तयारी गनुपर्ने हुन्छ । परिवारसँग सम्पर्क पश्चात आवश्यकता अनुसार परिवार भ्रमण गर्नुपर्नेछ ।

**परिवार भ्रमणको तयारी**

- बालबालिका तयारी अवस्थामा हुनु पर्दछ र यस सम्बन्धमा सामाजिक कार्यकर्ताबीच राम्रो छलफल र सहमति भएको हुनुपर्छ ।
- परिवार भएको जिल्ला, गाँऊ, टोलको राम्रो जानकारी लिनु पर्दछ ।

सम्पर्क गृहका सामाजिक कार्यकर्ताले पुर्नमिलनसम्बन्धी आवश्यक छलफल गरी परिवारको दायित्वका बारेमा परामर्श गर्नेछन् साथै केही समय पश्चात बालबालिका परिवारमा नै बस्न सक्ने वातावरण मिलाउन सकिने संभाव्यता बारे छलफल गर्नेछन् । यसै क्रममा बालबालिका, परिवार र संस्थाले निर्वाह गर्ने मूमिकाबारे सामान्य सम्झौता गरी सबैलाई दायित्ववान गराईने छ । सामाजिकीकरण केन्द्रमा बालबालिकालाई प्रेषण गर्नका लागि पारिवारिक भ्रमणको अवधिमा सम्पर्क गृह, बालबालिका र परिवारबीच त्रिपक्षिय सम्झौता गर्नुपर्दछ र प्रष्टसँग उनीहरुको जिम्मेवारीलाई परिभाषित गरिनुपर्छ । परिवार नै नभएका वा विशेष कारण परिवार भ्रमण गर्न नसकिने अवस्था रहेमा सकेसम्म नजिकको नातेदारसँग सम्पर्क गर्नुपर्नेछ र परिवारको बारेमा प्राप्त विस्तृत विवरण तयार गर्नुपर्नेछ ।

**टिप्पणीः-** बालबालिकाको परिवार भ्रमणबाट फर्किसकेपछि, संक्षेपीकरण बैठक (De–briefing meeting) गर्ने र सामाजिकीकरण केन्द्रमा प्रेषणका लागि मान्यता प्रदान गर्ने । बैठकमा आवश्यकता अनुसार सहभागीहरुले बालबालिकाको विषयमा सामाजिकीकरण केन्द्रका सामाजिक कार्यकर्ताहरुलाई जानकारी दिई सामाजिक कार्यकताहरु बालबालिकासँग बैठक बसी सहमति पत्र तयार गर्ने र त्रिपक्षिय हस्ताक्षर गर्ने गर्दछन ।

# ४. सञ्जाल र समन्वय

## सञ्जाल र समन्वय बिस्तार

सडक बालबालिकासँग कार्य गर्दा उनीहरुलाई प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्नका लागि सम्बन्धित सरकारी, गैरसरकारी, व्यवसायिक निकायहरुसँग सञ्जाल विस्तार गर्नु पर्दछ । सम्पर्क गृहले मुख्य गरी देहाय बमोजिमका निकायहरुसँग सञ्जाल विस्तार गर्नु पर्दछ ।

### १. नेपाल प्रहरी

सम्पर्क गृहले नेपाल प्रहरीसँग समन्वय गरी बालबालिकालाई सडकबाट गृहमा ल्याउन तथा राख्नका लागि समन्वय गर्नुपर्दछ । प्रहरीद्वारा सिफारिस गरी पठाईएका बालबालिका तथा अन्यत्रबाट आएका बालबालिकाको विवरण स्थानिय प्रहरीलाई बुझाउनु पर्दछ । आवश्यकता अनुसार प्रहरीबाट बालबालिकाको सिफारिस समेत लिनु पर्दछ । सम्पर्क गृहमा बसेका बालबालिका भागेको खण्डमा स्थानिय प्रहरी, बालबालिका खोजतलास समन्वय केन्द्र र सम्बन्धित निकाय तथा उद्धार गरी ल्याउने संस्थामा तुरुन्त जानकारी गराउनु पर्दछ ।

### २. जिल्ला तहका स्थानीय निकायहरु

सडक बालबालिकाको दिर्घकालिन समस्या समाधानका लागि स्थानीय निकायसँग सहकार्य तथा समन्वय गरी कार्य गर्नु पर्दछ । सम्बन्धित जिल्ला विकास समिति (जिविस), जिल्ला बालकल्याण समिति (जिबाकस), महिला तथा बालबालिका कार्यालय, नगरपालिकाहरुसँग समन्वय तथा सम्पर्क गृहको क्रियाकलापको सम्बन्धमा जानकारी गराउनु पर्दछ । सम्पर्क गृहमा बसेका बालबालिका भागेको खण्डमा स्थानीय निकायमा समेत जानकारी गराउनु पर्दछ । सम्पर्क गृहमा बसेका बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण तीन/तीन महिनाको अन्तरालमा सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय निकाय, जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिमा बुझाउनु पर्नेछ ।

### ३. बालबालिका खोजतलास समन्वय केन्द्र १०४

हराएका बालबालिका खोजतलास केन्द्रमा आउने भएकोले सम्पर्क गृहले बालबालिका खोजतलास समन्वय केन्द्रसँग सहकार्य गरी कार्य गर्नुपर्दछ । सडकबाट सम्पर्क गृहमा आएका केही बालबालिका खोजतलास केन्द्रमा पनि दर्ता भएका हुन सक्दछन् । सम्पर्क गृहमा बसेका बालबालिका भागेको खण्डमा बालबालिका खोजतलास केन्द्र १०४ मा तुरुन्त जानकारी दिनु पर्दछ ।

### ४. बालहेल्पलाइन १०९८

हराएका, वेवारिसे अवस्थामा फेला परेका, जोखिम अवस्थाबाट उद्धार गरिएका बालबालिका बालहेल्पलाईन १०९८ मा रेकर्ड हुने भएकोले सम्पर्क गृहले हेल्पलाइनमा समन्वय गर्नु पर्दछ । सम्पर्क गृहमा बसेका बालबालिका भागेको खण्डमा बालहेल्पलाइन १०९८ मा तुरुन्त जानकारी दिने गर्नु पर्दछ ।

### ५. सडक बालबालिकासँग कार्यरत संस्थाहरु

सडक बालबालिका सम्पर्क गृहमा आउनु पूर्व अर्को संस्थामा रहेको हुन सक्छन् । त्यसैले सोको विवरण लिन वा एक संस्थाबाट विविध कारणले अर्को संस्थामा सिफारिस गर्नुपर्ने अवस्था रहेमा वा स्रोत साधन आदान प्रदान गर्नुपर्ने वा गर्ने सम्भावना लगायतका लागि कार्यगत समन्वय कायम गर्नु पर्दछ ।

### ६. लागू पदार्थ पुनर्स्थापना केन्द्ररु

सडकमा बस्ने बालबालिका लागुपदार्थको लतमा पनि फसेका हुन सक्छन् र कोहि बालबालिकालाई यसको लत छुटाउनका लागि लागू पदार्थ पुनर्स्थापना केन्द्रहरुमा पठाउनु पर्ने हुन सक्छ । त्यसैले सम्पर्क गृहले यस्ता केन्द्रहरुमा समन्वय गर्नु पर्दछ ।

### ७. केन्द्रीय बालकल्याण समिति

सम्पर्क गृहले बालबालिकाको अवस्था, सञ्चालन गरेका गतिविधिहरु र प्रगतिका सम्बन्धमा केन्द्रीय बालकल्याण समितिको सम्बन्धित शाखामा जानकारी गराउनु पर्दछ । केन्द्रीय बालकल्याण समितिले सम्पर्क गृह/संस्थाको गतिविधिहरु मूल्याङ्कन र अनुगमन गर्नु पर्दछ । साथै एक संस्थाबाट अर्को संस्थामा बालबालिका सिफारिस गर्दा समन्वयको भूमिका निर्वाह गर्नु पर्दछ । सम्पर्क गृह/संस्थाले सम्पूर्ण गतिविधिहरुको मासिक र त्रैमासिक प्रतिवेदन तथा बालबालिकाको व्यक्तिगत विवरणहरु तोकिएको ढाँचामा जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिलाई बुझाउनु पर्छ ।

# ५. कार्यपद्धति

## १. व्यक्तिगत सामाजिक कार्यकर्ता प्रणाली (Referent Social Worker System)

सम्पर्क गृहमा नियमित आउने बालबालिकाको व्यक्तिगत रुपमा कुरा सुन्न, विशेष महत्व दिएर फलो/अनुगमन गर्न र कार्ययोजना समेत बनाउनका लागि व्यक्तिगत सामाजिक कार्यकर्ताको व्यवस्था गर्नु पर्दछ । एउटा बालकलाई एउटा मात्र सामाजिक कार्यकर्ताले विशेष कुराकानी गर्नुपर्दछ । एक सामाजिक कार्यकर्ताले ६/७ जना बालबालिकाको व्यक्तिगत रुपमा जिम्मेवारी लिनुपर्दछ ।

## २. व्यक्तिगत छलफल (Individual Discussion)

आधारभुत परामर्शको तालिम प्राप्त सामाजिक कार्यकर्ताहरुले बालबालिकाको बिचार, भावना, योजना आदिको बारेमा जानकारी राख्न र बुझ्नका लागि बालबालिकासँग व्यक्तिगत छलफल गर्नु पर्दछ । व्यक्तिगत छलफलका लागि निम्न तयारी हुनु पर्दछ ।

- सामाजिक कार्यकर्तामा आधारभूत परामर्शको ज्ञान, सीप र क्षमता भएको;
- बालबालिका व्यक्तिगत छलफलका लागि तयार भएको;
- व्यक्तिगत छलफलका लागि मिति, समय र छलफलको बिषय पहिले नै तोकिएको हुनुपर्ने; र
- व्यक्तिगत छलफलमा भएका कुराहरु लिखित रुपमा राख्नुपर्ने (अनुसुची अनुसारको फाराम भर्नुपर्ने ) ।

(बालबालिका स्थानान्तरण गर्नुभन्दा अगाडि अनिवार्य कम्तिमा पाँच वटा व्यक्तिगत छलफल भएको हुनुपर्दछ । )

## ३. व्यक्तिगत अनुगमनः

बालबालिका सम्पर्क गृहमा आएर नियमित रुपमा बस्न थाले पछि व्यक्तिगत सामाजिक कार्यकर्ताले बालबालिकाको अनुगमन गर्नु पर्दछ । प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उनीहरुका क्रियाकलापहरुको अध्ययन तथा अवलोकन सम्बन्धित सामाजिक कार्यकर्ताले गर्नु पर्दछ । व्यक्तिगत अनुगमनमा ध्यान दिनुपर्ने मुख्य कुराहरुः

- बालबालिकाको बिभिन्न क्रियाकलापमा सहभागिता तह तथा स्तर,
- बालबालिकाको व्यवहार, आचरण र सहभागिताको अवलोकन,
- व्यक्तिगत सामाजिक कार्यकर्ताले अन्य सामाजिक कार्यकर्तासँग पनि जानकारी र सुचनाहरु संकलन गर्ने गर्नु पर्दछ,

## ४. बाल सहभागिता

बालबालिकाको योजना बनाउँदा, गृहका क्रियाकलापहरु सञ्चालन गर्दा र अन्य सम्पूर्ण कार्यमा उनीहरुको अर्थपूर्ण र सक्रिय सहभागिताको आवश्यकता पर्दछ । उनीहरुले बनाएका योजनाहरु कार्यान्वयन गर्न पनि सजिलो हुन्छ ।

## ५. घटना व्यवस्थापन

सामाजिक कार्यकर्ताको नियमित सम्पर्कमा रहेका तथा परिवार भ्रमणमा जान ईच्छुक बालबालिकाको बिषयमा सूचना र जानकारीहरु संकलन गर्नुपर्दछ । मामिला/घटना लेखाजोखा आयोजना गनुपर्दछ । यस क्रियाकलापमा सामाजिक कार्यकर्ताले बालकको मनोसामाजिक र शारीरिक अवस्थाबारे बुझेर नियमित रुपमा योजना बनाउनुपर्दछ ।

**घटना व्यवस्थापनको प्रकृयाका लागि गर्नुपर्ने बैठकहरुः**

**क. घटनासम्बन्धी जानकारी आदान प्रदान (Case Sharing)**: प्रत्येक बालबालिकाको घटना सम्बन्धी कुरामा सम्पर्क गृहका सामाजिक कार्यकर्ताहरुबिच छलफल गर्नु पर्दछ । बालबालिकासँग कार्य गर्दा कार्यरत सामाजिक कार्यकर्ताहरुले बिभिन्न जानकारीहरु प्राप्त गरेका हुन्छन् र ती जानकारीहरु एक अर्का बीच आदान प्रदान गर्नका लागि यो बैठक आयोजना गरिन्छ ।

**ख. घटना सम्मेलन (Case Conference)**: सामाजिक कार्यकर्ताले बालबालिकासँग कार्यगर्ने क्रममा कुनै कठिनाई वा समस्याको महशुस भएको खण्डमा सम्पर्क गृहका सामाजिक कार्यकर्ताहरु, मनोविमर्शकर्ता लगायतका व्यक्तिहरु समक्ष अप्ठ्यारो परेका विषयहरुमा छलफल गर्नका लागि घटना सम्मेलनको आयोजना गनुपर्दछ । यसको प्रमुख उद्देश्य समुहबाट समस्याको समाधान निकाल्नु हो । यसरी समस्याको बारेमा छलफल गरेपछि सो समूहबाट घटनाको विश्लेषण तथा समस्याको समाधानको उपायको खोजी गरी कार्यान्वयन गर्नुपर्दछ ।

**ग. घटनाको प्रेषण (Case Referral)**: बालबालिकाको अवस्था, आवश्यकता तथा चाहना अनुसार उनीहरुको व्यक्तिगत योजना बनाउनु पर्दछ । आवश्यक प्रक्रियापुरा भएपछि बालबालिकालाई सामाजिकीकरण केन्द्रमा

पठाउनुभन्दा पहिले सम्पर्क गृहले सामाजिकीकरण केन्द्रसँग घटना प्रेषण गर्नका लागि बैठकको आयोजना गर्नुपर्दछ । यसका लागि आवश्यक प्रकृयाहरु देहाय बमोजिम हुनेछन्

- बालबालिकाको घटना अध्ययन (Case Study) को फाईल सामाजिकीकरण केन्द्र र परिवारसँग काम गर्ने समूहलाई पठाउन,
- प्रेषण बैठकको मिति तोक्ने र सम्बन्धित पक्षको बैठक बस्ने,
- बालबालिका र सामाजिक कार्यकर्ताले परिवारमा गरिने भ्रमणको मिति तोक्ने,
- बालबालिकाको परिवार भ्रमण गरेपछि बैठक बस्ने,

घ. **घटना स्थानान्तरण (Case Transfer)**: सम्पर्क गृहका नियमित क्रियाकलापमा सहभागी भएका र आधारभूत विवरण संकलन भई सामाजिकीकरण प्रक्रियामा जान तयार भएका बालबालिकालाई सामाजिकीकरण केन्द्रमा स्थानान्तरण गर्नुपर्दछ र सो स्थानान्तरणका लागि घटना स्थानान्तरण बैठक बस्नुपर्दछ ।

## ६. बालबालिकाको स्थानान्तरण/सिफारिस/प्रेषण

### १. बालबालिकालाई सामाजिकीकरण केन्द्रमा स्थानान्तरण

आवश्यक न्युनतम मापदण्ड पूरा गरी बालबालिकाको अवस्थामा सुधार आएपछि सामाजिकीकरण केन्द्रमा सिफारिस गर्नुपर्दछ । सम्पर्क गृह सञ्चालन गर्ने संस्थाको आफ्नै सामाजिकीकरण केन्द्र नभएमा जिल्ला तथा केन्द्रीय बालकल्याण समितिको समन्वयमा अन्य संस्थाबाट सञ्चालित सामाजिकीकरण केन्द्रमा सिफारिस गर्नु पर्दछ । कुनै पनि बालबालिका ३ महिनासम्म सम्पर्क गृहमा राख्न सकिनेछ र यो ३ महिनाको अवधिमा बालबालिका स्थानान्तरण गर्ने प्रक्रिया अगाडि बढाउनु पर्दछ । यदि विशेष कारणबस ३ महिना भन्दा थप बालबालिकालाई सम्पर्क गृहमा राख्नु पर्ने भएमा जिल्ला तथा केन्द्रीय बालकल्याण समितिलाई तीन महिना भन्दा बढी राख्ने कारण सहित जानकारी गराउनु पर्नेछ ।

बालबालिका सम्पर्क गृहबाट सामाजिकीकरण केन्द्रमा स्थानान्तरण वा प्रेषणका लागि चाहिने आवश्यक मापदण्डहरु यसप्रकार छन्:

- सम्पर्क गृहमा कम्तिमा एक महिनासम्म नियमित रुपमा बसेको, तर बालबालिकाको अवस्था हेरी समय घटाउन सकिने;
- सम्पर्क गृहका क्रियाकलापहरुमा सहभागी भएको जस्तै अनौपचारिक कक्षामा बसेको, चेतनामुलक र श्रृजनात्मक क्रियाकलापमा सहभागी भएको, आवश्यकता अनुसार भान्साको काममा सहभागि भएको;
- सडकको बानी र व्यवहारमा कमी आउनु जस्तैः धुम्रपानमा कमी, लागुपदार्थ दुर्व्यसनीमा कमी, खराब शब्दहरुको प्रयोगमा कमी आदी;
- बालबालिकाको व्यक्तिगत सरसफाइमा ध्यान दिने राम्रो बानीको विकास भएको;
- बालबालिका सम्बन्धित सामाजिक कार्यकर्तासँगको नियमित व्यक्तिगत छलफलमा सहभागी भएको र कम्तीमा ५ (पाँच) वटा व्यक्तिगत छलफलहरुमा सहभागी भएको;
- बालक्लब तथा अन्य बालसहभागिताका क्रियाकलापमा सहभागी भएको;
- बालबालिकाको शरीरको पुर्ण चिकित्सकीय जाँच वा परिक्षण गरेको; र
- बालबालिकाको परिवार तथा नातेदारहरुसंग सम्पर्क, छलफल र भेटघाट भएको, परिवार वा नातेदार नभएमा बालबालिकाको सम्पर्कमा आएका व्यक्तिसंगको भेटघाट ।

बालबालिकालाई सम्पर्क गृहबाट सामाजिकीकरण केन्द्रमा स्थानान्तरण वा प्रेषण गर्दा बालबालिकाको व्यक्तिगत अभिलेख फाईल सहित देहायका आवश्यक कागजपत्रहरु संलग्न राख्ने

- सम्पर्क गृहमा बसेको हाजिरीको प्रतिलिपी,
- बानी व्यहोरा सुधार भएको रेकर्ड,
- स्वास्थ्य परिक्षण प्रतिवेदन,
- स्थानीय प्रहरीको पत्र वा अन्य निकायबाट भइ आएका सिफारिस पत्र,
- बालबालिकाको कार्ययोजना,
- बालबालिकाको घटना अध्ययन,
- बालबालिकाको प्रतिबद्धता पत्र,
- सम्पर्क गृहको सिफारिस पत्र,
- बालबालिका शुरुमा भर्ना गर्दाको फाराम,

- परिवारको अवस्थाको प्रतिवेदन,
- जन्मदर्ताको प्रतिलिपी (भएसम्म),
- सम्पर्क गृहमा भएको घटना बैठकको प्रतिलिपी,
- मनोसामाजिक परामर्शकर्ताको सुझाव वा सिफारिस,

### २. विशेष सेवाका लागि स्थानान्तरण

सडकमा भएका बालबालिकामध्ये कतिपय लागुपदार्थको दूर्व्यसनमा फसेका हुन्छन् र त्यस्ता प्रकारका बालबालिकालाई लागु पदार्थ पुनर्स्थापना गृहमा पठाउनु पर्दछ । यसरी बालबालिकालाई यस्ता गृहमा पठाउनु पूर्व निम्न कुराहरुलाई ध्यान दिनु पर्दछ,

- बालबालिकाको तयारी र उनीहरुमा आफू परिवर्तन हुन चाहेको उत्प्रेरणा;
- सकेसम्म परिवारको अनुमति र स्वीकृति;
- लागु पदार्थ पुनर्स्थापनाको लागि सेवा दिने संस्थाको विवरण र कार्यपद्धतिबारे जानकारी; र
- बालबालिका र परिवारको भविष्यको योजना ।

### ३. तत्काल परिवारमा पूनर्मिलन हुन चाहने बालबालिका

घरपरिवार छोडेको समय पनि लामो नभएको, सडकको क्रियाकलापमा बानी नबसिसकेको र बालबालिका तथा परिवारबीच राम्रो सम्बन्ध भईरहेको अवस्थामा बालबालिकालाई पहिलो पटकको परिवार भ्रमणमा नै परिवारमा पूनर्मिलन गर्न सकिन्छ । यस्तो अवस्थामा परिवार पूनर्मिलन एवं पुनर्स्थापना गर्ने निकायलाई घटना सिफारिस गर्नु पर्दछ । यस्ता प्रकारका घटनाहरुमा पहिलो ३ महिना बढी फलोअप गर्नुपर्ने हुन्छ ।

## ७. अभिलेखिकरण/दस्तावेजीकरण

### १. बालबालिकाको दैनिक रेकर्ड राख्ने:

सम्पर्क गृहले सडकबाट आएका बालबालिकाको क्रियाकलापहरुको दैनिक रुपमा रेकर्ड राख्नु पर्ने हुन्छ । यस्तो रेकर्डका लागि अनुसुची अनुसारको एक छुट्टै फारामको व्यवस्था गरिएको हुन्छ । त्यस फाराममा बालबालिकाले दैनिक रुपमा गरेका क्रियाकलापहरुको विवरण राख्ने गरिन्छ ।

### २. बालबालिकाको घटना अध्ययन बनाउने:

बालबालिका गृहमा नियमित बसेपछि व्यक्तिगत सामाजिक कार्यकर्ताले उनीहरुसँग सम्बन्धित जानकारीहरु समेटेर घटना अध्ययन बनाउनु पर्दछ । यो घटना अध्ययन अनुसुचीमा भएको ढाँचामा हुनु पर्दछ ।

### ३. बालबालिकाको व्यक्तिगत फाईल बनाई अभिलेख राख्ने

सम्पर्क गृहमा आएका सम्पूर्ण बालबालिकाको विवरण अद्यावधिक गरी राख्नु पर्दछ । यस्तो प्रकारको फाईलमा राख्नु पर्ने कुराहरुमा:

- प्रारम्भिक सुचना संकलन;
- घटना अध्ययन;
- अस्पतालका कागजपत्रहरु;
- बालबालिकाले बनाएका चित्रहरु; र
- परिवार तथा बालबालिकासँग भएको सम्झौता पत्र, बालबालिकाको जन्मदर्ता आदि ।

### ४. व्यक्तिगत छलफलको रेकर्ड

सम्बन्धित सामाजिक कार्यकर्ताले आफ्नो जिम्मेवारीमा भएका बालबालिकासँग नियमित रुपमा व्यक्तिगत छलफल गरी अनुसुचीमा भए अनुसारको ढाँचामा प्रतिवेदन तयार पार्नु पर्दछ । यस्तो प्रकारको छलफलमा आगामी दिनमा गर्ने छलफलको विषय पनि उल्लेख गर्नु पर्दछ ।

### ५. बालबालिकाको कार्ययोजना

आफ्नो जिम्मेवारीमा भएका बालबालिकासँग भविष्यको बारेमा छलफल गरी सामाजिक कार्यकर्ताले कार्ययोजना बनाउनु पर्दछ । यस्तो प्रकारको कार्ययोजना साप्ताहिक, पाक्षिक तथा मासिक हुनु पर्दछ । कार्ययोजनाको नमुना अनुसुचीमा राखिएको छ ।

### ६. प्रगति प्रतिवेदन बनाउने

सम्पर्क गृहको प्रगति प्रतिवेदन दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा बनाउनु पर्दछ । यसका लागि फरकफरक ढाँचाको व्यवस्था गर्नु पर्दछ ।

# अनुसुचीहरु

## अनुसुची -१ : खानाको नमुना तालिका

| बार/दिन | बिहानको खाजा | बिहानको खाना | दिउसोको खाजा | बेलुकाको खाना |
|---|---|---|---|---|
| आईतबार | | | | |
| सोमबार | | | | |
| मंगलबार | | | | |
| बुधबार | | | | |
| विहिबार | | | | |
| शुक्रबार | | | | |
| शनिबार | | | | |

## अनुसुची - २ : बालबालिकाको दैनिक रेकर्ड

**बालबालिकाको दैनिक रेकर्ड** मितिः

| *क्र. स.* | *बालबालिकाको नाम* | *उमेर* | *लिंग* | *सहभागि भएका मुख्य मुख्य क्रियाकलापहरु* | *चिया* | *खाना* | *खाजा* | *खाना बेलुका* | *कैफियत* |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |

## अनुसुची - ३ः घटना व्यवस्थापन बैठकहरु

| **बैठकको नाम** | **उद्देश्यहरु** | **कहिले** | **सम्बन्धित कार्यक्रम** | **सहभागिहरु** |
|---|---|---|---|---|
| घटनासम्बन्धी जानकारी आदान प्रदान (Case Sharing) | गृहमा भएका बालबालिकाको अवस्था र उनीहरुको प्रगतिबारे छलफल गर्ने | कम्तिमा हप्ताको एक पटक | सम्पर्क गृह | सम्पर्क गृहका सबै सामाजिक कार्यकर्ताहरु |
| घटना सम्मेलन (Case Conference) | समस्या भएका घटनाहरुको बारेमा छलफल गरी समाधानका उपायहरु निकाल्ने | महिनामा २ पटक वा आवश्यकता अनुसार | सम्पर्क गृह | सामाजिक कार्यकर्ताहरु, मनोविमर्शकर्ता, कार्यक्रम अधिकृत |
| घटना प्रेषण (Case Referral) | बालबालिका सामाजिकीकरण केन्द्रमा स्थानान्तरण गर्न तयारी र परिवार भ्रमणमा जान ईच्छुक भएको जानकारी प्रदान गर्न | बालबालिका तयार भएपछि | सम्पर्क गृह | सम्पर्क गृहका सामाजिक कार्यकर्ताहरु, मनोसामाजिक परामर्शकर्ता, परिवारसँग काम गर्ने सामाजिक कार्यकर्ता |
| घटना स्थानान्तरण (Case Transfer) | सामाजिकीकरण केन्द्रमा स्थानान्तरण गर्नका लागि | सामाजिकीकरण केन्द्रमा स्थानान्तरण गर्ने समयमा | सम्पर्क गृह | सम्पर्क गृहको सम्बन्धित सामाजिक कार्यकर्ता, मनोसामाजिक परामर्शकर्ता, परिवारसँग काम गर्ने सामाजिक कार्यकर्ता |

## अनुसुची - ४ : परिवारसँगको सम्झौता पत्रको नमुना

लिखितम् आज मिति ......... साल ........ महिना ....... गते ............... बारका दिन जिल्ला............... गा.वि.स./न.पा./म.न.पा ......................... वडा नं ......... टोल ................... बस्ने श्री .......................... को छोरा/छोरी/............ बर्ष ........को श्री ............................... लाई यस संस्थाको उद्देश्य अनुरुप अभिभावक, बालबालिका तथा संस्थाको बिचमा छलफल भई निम्नानुसारको सहमतीमा हेरचाह गर्ने गराउने भनि राजीखुशी साथ सहीछाप गरि एक/एक प्रति लियौं/दियौं।

सहमति भएका बुँदाहरुः

| परिवार | बालक | संस्था |
|---|---|---|
| | | |

(उपर्युक्त सहमती/सम्झौता पत्र..............महिना/बर्षको हुनेछ तर बालक तथा परिवारको अवस्था हेरी संस्थाको नियम तथा मूल्यांकन अनुसार यो सहमती/सम्झौता थप वा घट गर्न सकिनेछ ।)

माथिको सहमती अनुसार यदि कुनै पक्षले आफ्नो दायित्व पुरा नगरेमा त्यसको जवाफदेहि ऊ आफैं हुनेछ । यदि बालक आफ्नो गृह छोडेर हिडेको अवस्थामा कुनै दुर्घटना वा भवितव्य परेमा त्यसको जवाफदेहि संस्था हुने छैन । माथि लेखिएको व्यहोरा हामी तीनै पक्षको सहमतिमा भएको हो आजकै मितिदेखि उक्त सहमति अनुसार कार्य गर्न हामी सहमत छौं । इति सम्बत २०७... साल ............... महिना...........गते................बार शुभम् ।

**अभिभावकको तर्फबाट**

नामः

नाताः

सहीः

**बालक/बालिका**

नामः

उमेरः

सहीः

**संस्थाको तर्फबाट**

नामः

पदः

सहीः

## अनुसुची-५ : घटना अध्ययनको ढाँचा नमूना

### १. परिवार र बालबालिकाको विवरण

**बालबालिकाको विवरण**

| | |
|---|---|
| बालक/बालिकाको नाम : | |
| जन्म मिति र उमेर : | |
| लिङ्ग: | |
| स्थायी ठेगाना : | |
| अस्थायी ठेगाना : | |
| सडकमा भेटेको मिति | |
| सम्पर्क गृहमा आएको मिति | |
| सामाजिकीकरण केन्द्रमा प्रेषण मिति | |

**परिवारको सदस्यको विवरण**

| क्र.स. | नाम | लिङ्ग | उमेर | सम्बन्ध | ठेगाना | पेशा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**२. बालबालिका र परिवारवीचको सम्बन्ध**

- परिवारको पृष्ठभूमि
- परिवारको भौतिक, आर्थिक, सामाजिक, मनोबैज्ञानिक अवस्था
- बालबालिका र परिवारको सम्बन्ध
- बालबालिकासँगको सम्बन्धमा परिवारको धारणा
- परिवारसँगको सम्बन्धमा बालबालिकाको धारणा
- परिवार र बालबालिकाबीच समस्या

**३. सम्पर्क गृहमा आउनु भन्दा पहिले बालबालिकाको अवस्था**

- पृष्ठभूमि
- सडकमा आउनुको कारण
- सडक जीवन र सडकमा गरेका कृयाकलापहरु
- अन्य संघ संस्थासँगको सम्बन्ध
- सडकमा रहँदा बालबालिकाले नजिक र राम्रो भएका व्यक्ति तथा साथीहरु

**४.बालबालिका र संस्थाबीचको सम्बन्ध**

- सडकमा सम्पर्क
- सम्पर्क गृह :
  गृहको कृयाकलापमा बालबालिकाको सहभागिता
  बालबालिकाको समस्या/आवश्यकता/चाहना/रुचिहरु
  बालबालिकाको भावना
  गृहमा बालबालिकाको साथीहरु र सहजकर्तावीचको सम्बन्ध
  बालबालिका गृहमा बस्दा भएका असल सम्बन्धको पहिचान
  भविष्यको योजना
- परिवारको समस्या पहिचान

**५. निश्कर्ष**

- बालकको अवस्थाको विश्लेषण : बालकको क्षमता, व्यवहार, विकास र ज्ञानको अवलोकन, बिश्लेषण
- सामाजिक कार्यकर्ताको धारणा

## अनुसुचि ६: ब्यक्तिगत छलफल प्रतिवेदन

सामाजिक कार्यकर्ताको नाम :................................ मिति: .................

नाम : .................................. उमेर: .........

ब्यक्तिगत छलफल नं.: .......

<u>छलफलका उद्धेश्यहरुः</u>

................................................................................................................................................................

................................................................................................................................................................

<u>छलफलका विषयहरुः</u>

................................................................................................................................................................

................................................................................................................................................................

................................................................................................................................................................

................................................................................................................................................................

................................................................................................................................................................

................................................................................................................................................................

<u>छलफलको क्रममा बालकको अवलोकन</u> (बालकको प्रतिक्रिया/भावना, क्षमता, समस्याहरु...)

................................................................................................................................................................

................................................................................................................................................................

छलफलको निष्कर्ष (छलफलको क्रममा आएका महत्वपूर्ण विषयहरु समावेश गर्ने)

................................................................................................................................................................

................................................................................................................................................................

अर्को पटकको छलफलको विषयः

................................................................................................................................................................

अर्को पटकको ब्यक्तिगत छलफल मितिः ................................

..........................................

*सामाजिक कार्यकर्ताको दस्तखत*

## अनुसुचि ७: कार्ययोजना फारम

बालकको नाम:

मिति:

बालकको राम्रो पक्ष:

बालकको सुधार गर्नुपर्ने पक्षहरु:

| उद्देश्यहरु | क्रियाकलापहरु | आवश्यक सामग्री | जिम्मेवारी | कार्य अवधि | उद्धेश्य पुरा भए नभएको सूचक |
|---|---|---|---|---|---|
| | | | | | |

……………                ………….....                …………….
बालक                तयार गर्ने                जाँच गर्ने

## अनुसुचि ८ः बालक/बालिकाको प्रारम्भिक सूचना संकलन फारम

फोटो

बालक/बालिका : दर्ता न./मिति :

१. पूरा नाम............................................................... २. उमेर ................... ३. लिङ्ग :...........

४. सडकमा बिताएको अवधीः.................

प्राय बस्ने गरेको स्थानः.................................... परिवार छाडेर आएको ..............................

सडकमै बस्ने गरेको .............................. दिउसो मात्र सडकमा आउने गरेको ..............................

५. शैक्षिक अवस्थाः

अध्ययन गरेको कक्षाः .................. .विद्यालयको नामः........................................................

६. बालक बालिकाबाट प्राप्त परिवारको जानकारी :

स्थायी ठेगाना : ............................................................... हालको ठेगाना : .............................................................

दुवै अभिभावक भएको ☐ एकल अभिभावक ☐ आमा मात्रै ☐ बाबु मात्रै ☐ अनाथ ☐

परिवारका अन्य सदस्यहरु : दाजुभाई दिदिबहिनी स्कुलः

परिवारको पेशाः ........................................... .....................................

७. सडक जीवनमा सेवा लिन गएका संस्थाहरु

| संस्थाको नाम | कार्यक्रम | अवधी | संस्था छोड्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

८. सडक जीवनमा गरेका कामहरु

| कामको प्रकार | स्थान | अवधी | काम छाड्नुको कारण | सिफारिस गर्ने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

९. लागु औषधको प्रयोग (असरहरु, परिणाम, समस्या)

| लागु औषधको नाम | प्रयोग गर्न सुरु गरेको समय | कसबाट सिकेको | असरहरु | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१०. बालबालिकाको रुचीको विषयः १. ............................................ विषेश प्रतिक्रिया केही भएमाः १. ........................................

२. ............................................... २. ...........................................

११. परिवारका सदस्यहरु :

| क. स. | नाम | उमेर | सम्बन्ध | पेशा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

परिवारको बारे अन्य जानकारी भएः.........................................................................................................................

तयार पार्ने व्यक्तिः जाँच गर्ने व्यक्तिः

## अनुसुचिः ९ बालबालिका सामाजिकीकरण केन्द्रमा प्रेषण पत्र नमूना

*सम्पर्क गृहको लेटर प्याड*

मितिः

श्री......................................

..........................................

सामाजिकीकरण केन्द्र ......................................... ।

**विषयः बालक/बालिका प्रेषण गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सम्पर्क गृहमा मिति...........................देखि.........................सम्म संरक्षणमा रहेका तपसिलको विवरण भएका बालक/बालिकालाई सडकमा बस्दा अपनाएका बानी व्यहोराहरु पूर्ण रुपमा त्याग्ने वातावरण सिर्जना गर्न सहयोग गर्ने, बालबालिकाको क्षमता तथा उमेर अनुसार शैक्षिक अवस्था विकास गरी विद्यालय भर्ना वा सीपशिक्षाको लागि तयारी गर्ने, बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक क्षमताको विकास गरी उनीहरुको भविष्यको योजना बनाउन सहयोग गर्ने, बालबालिकालाई परिवार, समुदाय वा वैकल्पिक परिवारमा पूनर्मिलन गराउनका लागि तयारी गर्ने जिम्मेवारी सहित आवासिय स्याहार र संरक्षण गर्नेगरी त्यस संस्थामा प्रेषण गरिएको छ । बालक/बालिकाको विस्तृत विवरण सहितको फाईल यसैसाथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ ।

...................

गृह प्रमूख वा परियोजना अधिकृत

बोधार्थः

श्री सडक बालबालिका ईकाई,

केन्द्रीय बालकल्याण समिति, हरिहर भवन, पुल्चोक ललितपुर ।

**बालक/बालिकाको विवरणः**

| क्र. सं. | नाम | ठेगाना | अभिभावकको प्राप्त विवरण | बालक/बालिकाको लागि तोकिएको सामाजिक कार्यकर्ताको नाम | सामाजिक कार्यकर्ताको सम्पर्क नं. | विस्तृत विवरण सहितको फाईलमा संलग्न कागजातहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |